# माई नम्बर प्रणाली

【सोधपुछ】(१) ओता शहर माई नम्बर कल सेन्टर
★जापानी, अङ्ग्रेजी, चिनियाँ, हङ्गुल
☎0570-03-3370 फ्याक्स 050-3737-9318
सोम देखि शुक्र ९:०० देखि १९:००
※बिदाको दिन तथा वर्षान्त र नयाँ वर्षका सुरुका दिनहरू (डिसेम्बर २९ - जनवरी ३) बाहेक

(२) माई नम्बर मुख्य हटलाइन ☎0120-0178-26
सोम देखि शुक्र ९:३० देखि २०:००
सप्ताहांत तथा विदा: ९:३० देखि १७:३०
※वर्षान्त र नयाँ वर्षका सुरुका दिनहरू (डिसेम्बर २९ - जनवरी ३) बाहेक

## १ माई नम्बरको बारेमा

यो जापानको नागरिकता वा निवासी दर्ता प्रमाणपत्र पाएका विदेशी समेत सबैलाई दिइने १२ अंकको नम्बर हो। माई नम्बरबाट व्यक्तिविशेषको कुनै पनि चिनारी अनुमान गर्न नसकोस् भनेर ठेगाना, जन्म मिति आदिसँग कुनै सम्बन्ध नभएको नम्बरबाट बनाइएको छ। माई नम्बर प्रयोग गरेर निष्पक्ष तथा न्यायसंगत समाज कार्यान्वयन गर्ने कोसिस गरिएको छ।


### (१) व्यक्तिगत नम्बर सूचना पत्र

व्यक्तिगत नम्बर सूचना पत्र भनेको जन्म आदिको कारण पहिलो चोटि माई नम्बर प्रदान गरिने व्यक्तिलाई हुलाकमार्फत पठाइने कागजात हो। यस पत्रलाई मेरो नम्बर प्रमाणित गर्ने कागजातको रूपमा प्रयोग गर्न सकिँदैन।

### (२) मेरो नम्बर कार्ड (ब्यक्तिगत नम्बर कार्ड)

माई नम्बर कार्ड (व्यक्तिगत नम्बर कार्ड) चाहिँ माई नम्बर प्रमाणित गर्ने कागजात वा व्यक्तिको परिचय खुल्ने कागजातको रूपमा प्रयोग गर्न सकिन्छ।



| | व्यक्तिगत नम्बर सूचना पत्र | मेरो नम्बर कार्ड (ब्यक्तिगत नम्बर कार्ड) |
|---|---|---|
| कसरी प्राप्त गर्ने | दर्ता गरेको ठेगानामा पठाईने | आवेदन अबश्यक |
| कसले पाउंछ? | पहिलो चोटी ब्यक्तिगत नम्बर प्रदान गरीएको ब्यक्तिले पाउछ | अबेदकले मात्रै |
| माई नम्बरको रुपमा | छैन | छ |
| मिल्दैन | छैन | हो<br>(निवास अवधिको अन्तिम दिनसम्म)<br>*स्थायी बासिन्दाको लागि यो कार्ड जारी गरिएको मितिदेखि १० औं (नाबालिगको लागि ५ औं) जन्मदिन सम्म |
| मिल्छ | मिल्दैन | मिल्छ |
| परिचय खुल्ने कागजातको रूपमा प्रयोग | मिल्दैन | मिल्छ |

※"सूचना कार्ड" जारी गर्न २०२० रेइवा २ साल मे महिनासम्ममा समाप्त भयो।

## (१) मेरो नम्बर कार्ड (ब्यक्तिगत नम्बर कार्ड) आवेदन (गैर-अनिवार्य)

सूचना कार्ड वा व्यक्तिगत नम्बर सूचनापत्रमा संलग्न गरिएको “व्यक्तिगत नम्बर कार्ड जारी आवेदन फाराम तथा इलेक्ट्रोनिक प्रमाणपत्र जारी आवेदन फाराम”-मा आवश्यक जानकारी भरेर आफ्नो अनुहारको फोटो टाँसी फिर्ता पठाउने खाममा हालेर हुलाकद्वारा पठाउनुहोस्।

※हुलाकबाहेक स्मार्टफोन, ल्यापटप, सहरका विभिन्न ठाउँमा हुने प्रमाणपत्रको लागि फोटो मेसिन(उपयुक्त मेसिन मात्र) बाट पनि आवेदन दिन सकिन्छ। साथै ओता वार्ड माई नम्बर कार्ड केन्द्रमा चाहिँ त्यहीं आवेदन फारामको लागि फोटो बनाउने प्रबन्ध उपलब्ध गराएर तपाईंहरूलाई सहयोग गरिन्छ (बुकिंग गर्नु जरुरी छ)।

- पहिलो पटकको लागि जारी सुल्क निसुल्क गरिएको छ ।
- माई नम्बर कार्ड (ब्यक्तिगत नम्बर कार्ड) जारी गर्दा सूचना कार्ड र मूल निवास रजिस्ट्रार कार्ड (यदि छ भने) फिर्ता लिईनेछ ।.
- जब सूचना कार्डमा दिइएको जानकारीमा परिवर्तन हुन्छ(नाम वा ठेगाना), तपाइँ सूचना कार्डमा संलग्न आवेदन फारम प्रयोग गरेर अवेदन गर्न असमर्थ हुनुहुने छ। विस्त्रित जानकारीका लागि घरेलू वासिन्दा रजिस्ट्री डिभिजन वा साखा कार्यालय (प१७) सम्पर्क गर्नुहोस् ।
- "व्यक्तिगत नम्बर कार्ड जारी आवेदन फाराम तथा इलेक्ट्रोनिक प्रमाणपत्र जारी आवेदन फाराम" आफूसँग नभएको खण्डमा घरेलु बासिन्दा रजिस्ट्री डिभिजन, ओता शहर मेरो नम्बर कार्ड केन्द्र वा शाखा कार्यालयमा पुनःजारी गरी पाउन सकिन्छ। (रेजिडेन्ट कार्ड, सवारी चालक अनुमति पत्र आदि लिएर आउनुहोस्)
- मेरो नम्बर कार्डको म्याद बसोबास अवधि पूरा हुने मितिसम्म हो। (स्थायी बसोबासीबाहेक)

### (२) तपाईंको मेरो नम्बर कार्ड (व्यक्तिगत संख्या कार्ड) प्राप्त गर्ने तरिका

कार्ड बनेपछि तुरुन्तै जारी गरिएको जानकारी र जारी सूचना पत्र ओता शहरद्वारा हुलाकमार्फत पठाइनेछ। कार्डको हस्तान्तरण शहर कार्यालयको काउन्टरमा गरिनेछ। शहरबाट पठाइने जानकारीअनुसार प्राप्त गर्ने समय र ठाउँ आरक्षण गरी जारी सूचना पत्रसँग रेजिडेन्ट कार्ड, विशेष स्थायी बसोबासी प्रमाणपत्र आदि लिएर आरक्षणमा तोकेको ठाउँमा आउनुहोस्।
आफ्नो सूचना कार्ड वा आधारभूत निवासी दर्ता कार्ड भएमा मेरो नम्बर कार्ड जारी गर्ने बेलामा त्यो कार्ड फिर्ता बुझाउनुपर्नेछ।

## (३) माई नम्बर सम्बन्धित प्रस्नोत्तर

Q. मेरो नम्बर प्रयोग गर्दा मैले के सावधान हुनुपर्छ?
A. कानुनी प्रावधान बाहेक कसैलाई पनि तपाईंको मेरो नम्बर थाहा दिनु, मेरो नम्बरको नोट गर्नु, फोटोकोपी गरेर राख्नु हुँदैन। इन्टरनेटमा मेरो नम्बर पासवर्ड वा पोष्टको रूपमा प्रयोग नगर्नुहोस्।
Q. के माई नम्बर स्वतन्त्र रूपमा परिवर्तन गर्न सकिन्छ ?
A. सामान्यतया, यो तपाईंको सम्पूर्ण जीवनको लागि त्यहि रहन्छ। मेरो नम्बर अवैध रूपमा प्रयोग गरिएको खन्डमा भने माई नम्बर परिवर्तन हुन सक्छ।
Q. के मेरो नम्बर कार्ड बनाउनु जरुरी छ ?
A. मेरो नम्बर कार्डको इच्छा गर्नेहरूले बनाउने प्रणाली छ तर बनाउनुभयो भने तपाईँलाई सजिलो हुन्छ।
Q. माई नम्बर कार्ड प्राप्त गरे पछि, मेरो ठेगाना पुन: नविकरण गरियो। के कार्डको प्रभावकारी अवधि (म्यद) स्वत: लम्बिन्छ ?
A. आधिकारिक निवास अवधि नवीकरण गरे पनि माई नम्बर कार्डको म्याद भने स्वतः लम्बिँदैन। नागरिकता बासिन्दा विभागको काउन्टरमा माई नम्बर कार्डको म्याद लम्ब्याउने कदम चाल्नु पर्छ। म्याद सिद्धिएको माई नम्बर कार्ड रद्द हुने भएकोले चाहिएमा सशुल्कमा (१,००० येन) पुनः जारी गर्न सकिन्छ।
Q. माई नम्बर कार्डको लागि आवेदन दिने तरिका नबुझेकोले मदत पाउन सक्छु कि?
A. ओता वार्ड माई नम्बर कार्ड केन्द्रमा माई नम्बर कार्ड आवेदन फाराममा चाहिने फोटो खिच्नेदेखि आवेदन पेस गर्नेसम्म निश्शुल्क सेवा उपलब्ध गरिएको छ। पहिल्यै ओता वार्ड माई नम्बर टेलिफोन सेन्टर (0570-03-3370 हप्ता दिनको ९;००-१७;००) अथवा ओता वार्ड HP बाट बुकिंग गरेर तोकिएको दिनमा निवास कार्ड जस्ता आफ्नो परिचय प्रमाणपत्र लिएर आउनुहोस्।

## (४) माई नम्बर कार्डको (व्यक्तिगत नम्बर कार्ड) लागि उपयुक्त प्रमाणपत्र प्रदान मेसिन

【सोधपुछ】घरेलु बासिन्दा रजिस्ट्री डिभिजन ☎03-5744-1554
कराधान डिभिजन ☎03-5744-1192

निवासी दर्ता प्रमाणपत्रको फोटोकपी वा छाप दर्ता प्रमाणपत्र आदि माई नम्बर कार्ड प्रयोग गर्न सक्ने प्रमाणपत्र प्रदान मेसिनबाट प्राप्त गर्न सकिन्छ। प्रमाणपत्र प्रदान मेसिन चाहिँ वार्ड मुख्यालयको पहिलो तला, ओता वार्ड माई नम्बर कार्ड केन्द्रका साथै देशभरिका मुख्य कन्भिनिएन्स स्टोरमा पनि राखिएको छ।

| | जारी गरिने ठाउँहरू | जारी गरिने प्रमाणपत्रहरू | समय | शुल्क |
|---|---|---|---|---|
| कन्भिनिएन्स स्टोर आदि | देशभरिका सेबुन-इलेबुन, लोसन(लोसन स्टोर १०० बाहेक), फ्यामिली मार्ट, मिनी स्टप आदि बहु-कार्य टर्मिनल राखिएका पसलहरू | ■निवासी दर्ता प्रमाणपत्रको फोटोकपी<br>■छाप दर्ता प्रमाणपत्र ＊१<br>■निवासी कर प्रमाणपत्र ＊२<br>・कर(कर छुट) प्रमाणपत्र<br>・कर भुक्तानी प्रमाणपत्र | ६;३०-२३;०० | प्रमाणपत्र एक प्रति २५० येन |
| माई नम्बर कार्डको लागि उपयुक्त प्रमाणपत्र प्रदान मेसिन / प्रमाणपत्र प्रदान मेसिन | ओता वार्ड मुख्यालय पहिलो तला | ओता वार्डमा निवासी दर्ता भएकाहरूको लागि मात्र<br><br>■निवासी दर्ता प्रमाणपत्रको फोटोकपी<br>■छाप दर्ता प्रमाणपत्र ＊१<br>■निवासी कर प्रमाणपत्र ＊२<br>・कर(कर छुट) प्रमाणपत्र<br>・कर भुक्तानी प्रमाणपत्र | सोमबार/बिहीबार<br>८;३०-१९;००<br><br>मंगल/बुध/शुक्रबार<br>८;३०-१७;००<br><br>आइतबार<br>९;००-१७;०० ＊३ | प्रमाणपत्र एक प्रति २५० येन |
| | ओता वार्ड माई नम्बर कार्ड केन्द्र | ओता वार्डमा निवासी दर्ता भएकाहरूको लागि मात्र<br><br>■निवासी दर्ता प्रमाणपत्रको फोटोकपी<br>■छाप दर्ता प्रमाणपत्र ＊१<br>■निवासी कर प्रमाणपत्र ＊२<br>・कर(कर छुट) प्रमाणपत्र<br>・कर भुक्तानी प्रमाणपत्र | सोम-शुक्रबार<br>९;००-१९;००<br><br>शनिबार/आइतबार<br>९;००-१७;००<br>(तेस्रो शनिबार र त्यसको भोलिपल्टको आइतबार बाहेक) ＊३ | प्रमाणपत्र एक प्रति २५० येन |
| | शाखा कार्यालय (कामाता निसी शाखा कार्यालय बाहेक) | ओता वार्डमा निवासी दर्ता भएकाहरूको लागि मात्र<br><br>■निवासी दर्ता प्रमाणपत्रको फोटोकपी<br>■छाप दर्ता प्रमाणपत्र ＊१<br>■निवासी कर प्रमाणपत्र ＊२<br>・कर(कर छुट) प्रमाणपत्र<br>・कर भुक्तानी प्रमाणपत्र | सोम-शुक्रबार<br>८;३०-१७;०० ＊३ | प्रमाणपत्र एक प्रति २५० येन |

＊१ छाप दर्ता प्रमाणपत्र पाउनको लागि पहिल्यै ओता वार्डको काउन्टरमा छाप दर्ता (पृष्ठ ४७) गर्नु पर्ने हुन्छ।

＊२ यो वर्ष / पोहोर / २ वर्ष अघिका हाल ३ वर्षको भाग पाउन सकिन्छ। विस्तृत जानकारीको लागि कर विभागमा (फोन; 03-5744-1192) फोन गरी सोधपुछ गर्नुहोस्।

＊३ डिसेम्बर २९ - जनवरी ३ सम्म उपलब्ध छैन।

**【मेरो नम्बर कार्ड केन्द्रबारे】**

उपलब्ध सेवाहरू: माई नम्बर कार्ड जारी गर्ने, आवेदन पेस गर्न मदत गर्ने सेवा, बसाइँ सरुवा आदिका कारण उल्लेखित विवरण नवीकरण गर्ने, इलेक्ट्रोनिक प्रमाणपत्र नवीकरण गर्ने, आवश्यक कदम सम्बन्धी परामर्श आदि।

सम्बन्ध क्रियाकलाप आदि


रिसेप्सन समय: सोमबार～शुक्रबार  ९:००देखि १८:३०सम्म

शनिबार र आइतबार  ९:००देखि १६:००सम्म

(हरेक महिना तेस्रो शनिबार र त्यसको भोलिपल्ट, सार्वजनिक बिदाको दिन, वर्षको अन्त्य र सुरुको अवधि [डिसेम्बर २९ देखि जनवरी ३ तारिख सम्म] बाहेक)

※गाडी र साइकलको लागि पार्किङ छैन।

☎0570-03-3370 (माई नम्बर टेलिफोन सेवा केन्द्र  रिसेप्सन समय ; सोम-शुक्रबार ९;००-१७;००)
ठेगाना: ओता वार्ड सान्नो २-३-७
(शहर विकास प्रवर्धन सुविधा केन्द्र पहिलो तल्ला)
जाने तरिका: JR ओमोरी स्टेसन पश्चिम निकासबाट हिँडेर १ मिनेट



टिप्पणी